आज मिति २०७६ साल बैशाख महिनाको ११ गते बुधवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको निर्णय तथा उपस्थिति देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | अनुपस्थित |
| **कार्यकारीणी सदस्यहरु** | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री सुनसरी गुरुङ | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री दिनेशराज पन्त | उपस्थित |
| का.वा.वडाध्यक्ष ४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| उपसचिव | श्री अम्बिकाप्रसाद आचार्य | उपस्थित |
| वरिष्ठ आ.ले.प.अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| इन्जिनियर | श्री रविन्द्रलाल मूल | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

(१) शहरी स्वास्थ्य केन्द्र स्थापना सम्बन्धमा ।
(२) सरफाई तर्फका कर्मचारीहरुको पोशाक सुविधा सम्बन्धमा ।
(३) व्यास नगरपालिका उपभोक्ता लागत सहभागिता कार्यविधि, २०७६ सम्बन्धमा ।
(४) योजनाहरु परिवर्तन सम्बन्धमा ।
(५) भूकम्प पिडितहरु छुट तथा पुनः जाँच सर्वेक्षणबाट स्वीकृत लाभग्राहीहरुको विवरण पठाउने सम्बन्धमा ।
(६) भ्रमण स्वीकृत सम्बन्धमा ।
(७) खेल मैदानको आयोजना प्रस्ताव सम्बन्धमा ।
(८) केन्द्र सरकारसँग समपुरक अनुदान अन्तर्गत आयोजना प्रस्ताव पठाउने सम्बन्धमा ।
(९) प्रदेश सरकारसँग समपुरक अनुदान अन्तर्गत आयोजना प्रस्ताव पठाउने सम्बन्धमा ।
(१०) योजनाहरुमा रकम विनियोजन गर्ने सम्बन्धमा ।
(११) निर्माण तथा खरिद कार्यको दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा ।
(१२) रकम थप गर्ने सम्बन्धमा ।
(१३) विद्यालय भवन तथा शौचालय आयोजना प्रस्ताव सम्बन्धमा
(१४) सरसफाई सवारी साधन (टिपर) खरिद सम्बन्धमा ।
(१५) विद्यालय भवन निर्माण योजना परिवर्तन सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गका स्वास्थ्य संस्थाहरुमा कार्यरत जनशक्ति मध्येबाट जनशक्ति व्यवस्थापन गर्ने गरी वडा नं.६ शिशाघाटमा अवस्थित श्री भवानी प्रा.वि.को भवनमा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने निर्णय गरियो । साथै सोको लागि आवश्यक पूर्वाधार निर्माण तथा स्वास्थ्य औजार एवं औषधी तथा अन्य आवश्यक सामग्रीहरु खरिदको लागि स्वास्थ्य शीर्षक अन्तर्गतको बजेटबाट रकम खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको सरसफाई शाखा अन्तर्गत कार्यरत चालक तथा कुचीकारहरुलाई हालसम्म वार्षिक रुपमा एक पटक मात्र पोशाक एवं सरसफाई सम्बन्धी अन्य सामाग्रीहरु प्रदान गर्दै आइएकोमा निजहरुको कार्य प्रकृति तथा स्वास्थ्य संवेदनशीलतालाई मध्येनजर गरी साविकमा उपलब्ध गराउँदै आइएको पोशाक तथा सरसफाई सम्बन्धी अन्य सामग्रीहरु वर्षमा दुई पटक (प्रत्येक ६/६ महिनामा) उपलब्ध गराउने तथा स्थानीय अस्पतालसँग समन्वय गरी मासिक रुपमा स्वास्थ्य परीक्षण गराउने व्यवस्था समेत मिलाउने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका उपभोक्ता लागत सहभागिता कार्यविधि, २०७६ को प्रस्ताव उपर दफावार रुपमा छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा विभिन्न वडाहरुबाट सिफारिस भई आए बमोजिम तपशिल बमोजिमका योजनाहरु परिवर्तन गर्ने निर्णय गरियो ।

| सि.नं | साविकामा स्वीकृत योजना | परिवर्तन गरी कायम भएका योजना | स्वीकृत रकम |
|---|---|---|---|
| १ | गरिबसँग विश्वेश्वर कार्यक्रम व्यास १३ | छाब्दीदेवी खानेपानी योजना व्यास १३ | रु.३५००००। |
| २ | साना खानेपानी मर्मत योजना व्यास ११ | खानेपानीको लागि पाइप खरिद व्यास ११ | रु.११७०००। |
| ३ | लक्षित वर्ग कार्यक्रम व्यास १३ | विपन्न तथा दलित महिलाहरुको सिपमूलक कार्यक्रम | रु.२०००००। |
| ४ | लक्षित वर्ग कार्यक्रम व्यास १३ | अपांगता सम्बन्धी कार्यक्रम | रु.२५,०००। |
| ५ | लक्षित वर्ग कार्यक्रम व्यास १३ | बालबालिका सम्बन्धी कार्यक्रम | रु.२५,०००। |
| ६ | लक्षित वर्ग कार्यक्रम व्यास १३ | जनजातिहरुको लागि | रु.५००००। |
| ७ | सिन्धु मार्गदेखि उदय मा.वि.सम्म जाने बाटो ग्राभेल र कच्ची नाला निर्माण | सामुदायिक ठूलोटार सिमलगैऱ्हा टोलको भवन निर्माण व्यास ५ | रु.३०००००। |
| ८ | साना भौतिक पूर्वाधार शीर्षक व्यास १ | छाब्दी घाट दाहसंस्कार स्थल निर्माण | रु.२,००,०००। |

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा राष्ट्रिय पुनः निर्माण प्राधिकरण सिंहदरवार, काठमाण्डौद्वारा जारी भएको छुट तथा पुनः जाँच सर्वेक्षण सम्बन्धी सूचना अनुसार संकलन भई सम्बन्धित निकायबाट स्वीकृत भई आएका लाभग्राहीहरुको वडागत नाम नामेसी विवरण कार्यार्थ सम्बन्धित वडा कार्यालयमा पठाउने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा UCLG ASPAC को आयोजनामा आगामी May महिनाको २१ गते देखि २३ गतेसम्म चिनको YIWU शहरमा आयोजना हुने UCLG ASPAC First Session Of 2019 Executive Bureau Meeting and Yiwu Dialogue on International Economic and Trade co-operation under the Belt and Road Initiative कार्यक्रममा यस नगरपालिकाका नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूलाई पनि आयोजक संस्थाबाट निमन्त्रणा प्राप्त हुन आएको हुँदा उल्लेखित कार्यक्रममा सहभागिताको लागि यस नगरपालिकाका नगर प्रमुखज्यूलाई पठाउने निर्णय गरियो । साथै भ्रमण कार्यक्रमको स्वीकृतिका लागि सम्बन्धित निकायमा लेखी पठाउने समेत निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको वडा नं.५ अन्तर्गत पाटन क्षेत्रमा हाल निर्माणाधीन पराशर पार्कको पश्चिम तथा सेती नदीको उत्तरतर्फ अवस्थित सार्वजनिक जग्गामा आवश्यकता अनुसार तट्बन्धन समेत गर्ने गरी सुविधा सम्पन्न खेल मैदान निर्माण गरी प्रभावित क्षेत्रका युवाहरुको शारीरिक तथा सामाजिक विकासको पक्षहरुमा सहयोग गरिदिन तनहुँ जल विद्युत आयोजनामा स्वीकृतका लागि आयोजना प्रस्ताव पठाउने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकारको समपुरक अनुदान कार्यविधि, बमोजिमको लागत सहभागिता नगरपालिकाले व्यहोर्ने गरी देहाय बमोजिमका आयोजनाहरु आगामी आ.व.२०७६/०७७ मा कार्यान्वयन हुने गरी स्वीकृतिका लागि सम्बन्धित निकायमा आयोजना प्रस्ताव तयार गरी पठाउने निर्णय गरियो ।

| सि.नं. | आयोजनाको नाम | कुल लागत अनुमान |
|---|---|---|
| १. | कलेस्ती मार्ग | २,००,००,०००। |
| २. | केशवटार मार्ग | २,००,००,०००। |
| ३. | पराशर मार्ग | २,००,००,०००। |
| ४. | छाब्दी कुलुङ मार्ग | १,००,००,०००। |
| ५. | दुम्सीचौर मार्ग | १,००,००,०००। |
| ६. | मानहुँकोट रेलिङ तथा भ्यू प्वाइन्ट निर्माण | १,००,००,०००। |

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा पक्की मोटर मार्ग नपुगेका वडा कार्यालयहरु मध्ये देहाय बमोजिमका वडाहरुको वडा पहुँच मार्ग निर्माणका लागि गण्डकी प्रदेश सरकारको समपुरक अनुदान कार्यविधि, बमोजिमको लागत सहभागिता नगरपालिकाले व्यहोर्ने गरी आयोजना प्रस्ताव तयार गरी आगामी आ.व. २०७६/०७७ मा कार्यान्वयन हुने गरी स्वीकृतिका लागि पठाउने निर्णय गरियो ।

| सि.नं. | पहुँच मार्ग निर्माण गर्नुपर्ने वडाहरु | कुल लागत अनुमान |
|---|---|---|
| १. | वडा नं.५ | ५०,००,०००। |
| २. | वडा नं.६ | ५०,००,०००। |
| ३. | वडा नं.८ | ५०,००,०००। |
| ४. | वडा नं.९ | ५०,००,०००। |
| ५. | वडा नं.१० | ५०,००,०००। |
| ६. | वडा नं.१२ | ५०,००,०००। |

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएका देहाय बमोजिमका योजनाहरुमा निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम | वडा नं. | विनियोजित रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | श्री महेन्द्र मा.वि. | म्याग्दे-१ | १,००,५५५। |
| २. | प्रशासन चोक देखी खानेपानी कार्यालय सम्म (मालोत लाइन) इट्टा विछ्याउने कार्य | व्यास-२ | १,००,०००। |
| ३. | छाडा तथा बृद्व पशु व्यवस्थापन केन्द्र ट्रष्ट निर्माण | व्यास-१० | २,९२,२४८। |
| ४. | बिमली चौतरा छाव्दी ढांड मोटर मार्ग | व्यास-१३ | ५,००,०००। |
| ५. | भतेरी स्थित मादीनदी पुल नजिक तटबन्धन (सरसफाई केन्द्र संरक्षण) योजना | व्यास-२ | २,००,०००। |
| ६. | शिखर डाँडा लिफ्ट खानेपानी योजना | व्यास-५ | १,६०,०००। |
| ७. | सिन्धु प्रा.वि. भवन (ट्रष्ट) निर्माण योजना | व्यास-५ | २,००,०००। |
| ८. | शान्तिटोल स्थित गहते खानेपानी योजना (पाइप खरिद समेत) | व्यास-६ | १,२५,०००। |
| ९. | भू.पू. शैनिक क्लबमा एम्बुलेन्स राख्ने ग्यारेज निर्माण | व्यास-६ | १,००,०००। |
| १०. | पिपलबोट गैरी कुलो मर्मत | व्यास-६ | १,००,०००। |
| ११. | चण्डेश्वरी आ.वि. भवन मर्मत | व्यास-११ | २,००,०००। |
| १२. | लालध्वज मोटर मार्ग घर संरक्षणका लागि ग्याविन भर्ने योजना | व्यास-८ | ३,००,०००। |
| १३. | शिवालय मार्ग स्तरोन्नति | व्यास-६ | १,२५,०००। |
| १४. | बौद्धगुम्बा भवन कम्पाउण्डवाल निर्माण | व्यास-३ | २,५०,०००। |
| १५. | दुरा भवन निर्माण | व्यास-६ | ३,००,०००। |
| १६. | वाराही मा.वि. कुचीटार कजवे निर्माण | व्यास ११ | २,५०,०००। |

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा नगरपालिका कार्यालयबाट चालु आ.व.२०७५/०७६ मा तपसिलमा उल्लेखित निर्माण तथा खरिद सम्बन्धी कार्यहरुको लागि विभिन्न मितिका नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित शिलबन्दी बोलपत्र/दरभाउपत्र सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका विभिन्न फर्म/कम्पनीका बोलपत्र/दरभाउपत्रहरु मध्ये न.पा.बोलपत्र मूल्यांकन समितिको सिफारिस बमोजिम निम्न फर्म/कम्पनीका बोलपत्र/दरभाउपत्रहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं | योजनाको नाम | ठेक्का नं | कबोल अंक (मु.अ.कर बाहेक) | ठेकेदारको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | मानहुँकोट डाँडामा रेलिङ निर्माण योजना व्यास ५ | २१/mun/२०७५।०७६ | १७,६३,२७२।७४ | श्री माता बाराही ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन काठमाण्डौ १४ | बोलपत्र |
| २. | माहेन्द्री मार्गमा कालोपत्रे तथा पक्की नाला निर्माण योजना व्यास ५ | २२/mun/२०७५।०७६ | २७,०५,५३३।३० | श्री एस.टि. निर्माण सेवा व्यास २ तनहुँ | बोलपत्र |
| ३. | क्यामिन मार्ग स्तरोन्नति ( चौडा तथा नाला) योजना व्यास ७ | २३/mun/२०७५।०७६ | २१,१०,००८।३० | श्री जुनतारा निर्माण सेवा व्यास ७ | बोलपत्र |
| ४. | खड्गकाली मोटर मार्ग कालोपत्रे तथा नाला निर्माण योजना व्यास ११ | २४/mun/२०७५।०७६ | ३,३८,००३८।४० | श्री न्यू दरै भुपमा निर्माण सेवा व्यास ४ | बोलपत्र |
| ५. | पराशर मोटर मार्ग कालोपत्रे तथा नाला निर्माण योजना व्यास ११ | २५/mun/२०७५।०७६ | २५,१५,८१३।१३ | श्री गणेश कन्स्ट्रक्सन व्यास ३ | बोलपत्र |
| ६. | बाराही रानी मार्ग कालोपत्रे तथा नाला निर्माण योजना | २६/mun/२०७५।०७६ | २०,२४,३१३।८० | श्री एस.टि.निर्माण सेवा व्यास २ | बोलपत्र |
| ७. | कालिका मार्ग कालोपत्रे तथा रिटेनिङ वाल निर्माण योजना | २७/mun/२०७५।०७६ | २५,२८,२५५।७० | श्री जि.एस. कन्स्ट्रक्सन व्यास २ | बोलपत्र |
| ८. | साँगे खोला झोलुङ्गे पुल स्टिल सामग्री खरिद योजना | २८/mun/२०७५।०७६ | १०,४४,४२८।०० | श्री सेफ स्टिल प्रा.लि. चितवन | दरभाउपत्र |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ स्थित अमरापुरी टोल अर्न्तगत पर्ने शिक्षा मार्ग (शान्ता अधिकारीको घर छेउ हुँदै व्यास बोडिङ, विमला अधिकारीको घर छेउबाट अमरराज कैनीको घरसम्म) नयाँ नाला निर्माण योजनाको लागि कुल प्राविधिक लागत अनुमान रु.१९,५६,९९७४४ मध्ये वडा बजेट अर्न्तगत साविकमा राममायाको घरदेखि केरावारीसम्म आर.सि.सि. गर्ने कार्यको लागि वडा कार्यालयबाट रु.४,००,०००। विनियोजन भएकोमा सो योजना परिवर्तन गरी उल्लेखित मार्गमा रकमान्तर गर्ने, उपभोक्ता लागत सहभागिता रु.७,५६,९९८। हुने गरी बाँकी रु.८,००,०००। नगरपालिका कार्यालयबाट थप गरी आयोजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्र रहेका देहाय बमोजिमका विद्यालयहरुमा देहाय बमोजिमको भौतिक संरचना निर्माणको लागि सम्बन्धित निकायमा आयोजना प्रस्ताव सहित सिफारिस गरी पठाउने निर्णय गरियो ।

| सि.नं. | विद्यालयको नाम | भौतिक संरचनाको किसिम |
|---|---|---|
| १. | श्री इन्दु मा.वि., व्यास ६ | ४ कोठे भवन |
| २. | श्री महर्षि वेदव्यास संस्कृत मा.वि., व्यास ३ | ४ कोठे भवन |
| ३. | श्री शिव मा.वि., व्यास १० | ४ कोठे भवन |
| ४. | श्री मदर्शा प्रा.वि., व्यास ४ | ३ कोठे भवन |
| ५. | श्री जलदेवी मा.वि., व्यास १ | ३ कोठे भवन |
| ६. | श्री बसन्त आ.वि., व्यास ११ | ३ कोठे भवन |
| ७. | श्री सिद्धवेनी आ.वि., व्यास १३ | २ कोठे भवन |
| ८. | श्री मत्स्यकन्या आ.वि., व्यास १२ | २ कोठे भवन |
| ९. | श्री चण्डिका आ.वि., व्यास ११ | २ कोठे भवन |
| १०. | श्री चण्डेश्वरी आ.वि., व्यास ११ | २ कोठे भवन |
| ११. | श्री क्यामिनकोट मा.वि., व्यास ७ | शौचालय |
| १२. | श्री वेदव्यास प्रा.वि., व्यास ४ | शौचालय |
| १३. | श्री क्यामिन मा.वि., व्यास ७ | शौचालय |
| १४. | श्री जनसेवा प्रा.वि., व्यास २ | शौचालय |
| १५. | श्री बालमन्दिर मा.वि., व्यास २ | शौचालय |

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका नगर कार्यपालिकाको मिति २०७५।१२।२२ गतेको निर्णयद्वारा यस नगरपालिकाको सरसफाई कार्यका लागि एउटा ट्याक्टर खरिद गर्ने निर्णय भएकोमा ट्याक्टरले संकलन गर्ने फोहोरमैलाको परिमाण न्यून हुने हुँदा सोको सट्टामा गारवेज टिपर खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका नगर कार्यपालिकाको मिति २०७५।११।२२ गतेको निर्णयद्वारा शिक्षा तर्फको सशर्त अनुदान अन्तर्गतको बजेटबाट व्यास ६ स्थित श्री इन्दु मा.वि.लाई २ कोठे भवन निर्माणको लागि रकम विनियोजन गर्ने गरी निर्णय भएकोमा २ कोठे भवनले मात्र सो विद्यालयको हालको विद्यार्थी संख्यालाई पठनपाठन व्यवस्थापन गर्न कठिनाई हुने भएकोले सो विद्यालयलाई ४ कोठे भवन निर्माणको लागि सिफारिस गरी पठाउने गरी साविकमा उल्लेखित विद्यालयलाई विनियोजन भएको २ कोठे भवन निर्माणको रकम व्यास १ स्थित श्री बुद्धदाहाल बहिरा प्रा.वि.लाई विनियोजन गर्ने निर्णय गरियो ।